# चैनपुर राजपत्र


चैनपुर नगरपालिकाद्वारा प्रकाशित

**खण्डः७ चैनपुर, सङ्खुवासभा नेपाल, २३ माघ २०८० साल, सङ्ख्याः४**


# भाग-२

## चैनपुर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, सङ्खुवासभा नेपाल

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी चैनपुर नगरपालिकाले यो कार्यविधि स्वीकृत गरी सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्बत २०८० सालको कार्यविधि नं. ४ (चार)**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१०।२३ गते**
**राजपत्रमा प्रकाशित मितिः २०८०।१०।२९ गते**

# कर्मचारीहरूको तह वृद्धि, बढुवा तथा तह मिलान गर्ने सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः**

कोशी प्रदेश सरकारबाट जारी भएको "स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०" मा गरिएको तह वृद्धि र तह मिलान सम्बन्धी  व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी चैनपुर नगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "कर्मचारीहरुको तह वृद्धि, बढुवा तथा तह मिलान सम्वन्धी कार्यविधि,२०८०" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ।

(३) यो कार्यविधिको क्षेत्र चैनपुर नगरपालिका नगर कार्यापलिकाको कार्यालयका स्थायी कर्मचारी रहनेछन।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "ऐन" भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनुपर्छ।

ख. "कर्मचारी" भन्नाले चैनपुर नगरपालिका अन्तर्गत विभिन्न सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ। सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम चैनपुर नगरपालिकामा समायोजन भएका कर्मचारी साथै संघीय तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई चैनपुर नगरपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँदछ।

ग. “कार्यालय”भन्नाले चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय वा चैनपुर नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

घ. “नगरपालिका” भन्नाले चैनपुर नगरपालिका, संखुवासभलाई सम्झनु पर्दछ।

ङ. “नगर कार्यपालिका” भन्नाले चैनपुर नगर कार्यपालिका सम्झनु पर्दछ।

च. “प्रदेश लोकसेवा आयोग” भन्नाले प्रदेश लोकसेवा आयोग कोशी प्रदेश विराटनगर सम्झनु पर्दछ।

छ. “परामर्श” भन्नाले यस कार्यविधि अनुसार कुनै कार्य गर्दा द्विविधा भएमा प्रदेश लोकसेवा आयोग कोशी प्रदेश, विराटनगर तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश, विराटनगरसँग मागिने विचार, सुझाव र सल्लाहलाई बुझिन्छ।

ज. “तह वृद्धि”  भन्नाले कोशी प्रदेशको स्थानीय सरकारी सेवा(गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम  गरिने तह वृद्धि सम्झनु पर्दछ।

झ. “तह मिलान” भन्नाले कोशी प्रदेशको स्थानीय सरकारी सेवा(गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम  गरिने तह मिलान सम्झनु पर्दछ।

ञ. “ प्रदेश किताबखाना” भन्नाले प्रदेश किताबखाना, कोशी प्रदेश सम्झनु पर्दछ।

ट. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चैनपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ठ. "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

**३. सूचना प्रकाशन गर्नेः**

(१) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ) ऐन, २०८० को दफा २७ को उपदफा ३ बमोजिम तह वृद्धिका लागि प्रत्येक वर्षको असार र पौष महिनाको अन्तिम दिन ३० दिन पुग्ने गरी तह वृद्धिका लागि सम्भाव्य उम्मेदवारहरुको जानकारीका लागि ३० (तीस) दिनको म्याद दिई अनुसूची-१ अनुसार दरखास्त आव्हान सम्बन्धी सूचना प्रकाशित गर्नु पर्नेछ। तर यो कार्यविधि स्वीकृत भए पश्चात एक पटकको लागि माघ महिनामा हुने तह वृद्धि प्रयोजनका लागि १५ दिनको सुचना प्रकाशन गर्न सकिनेछ। यसरी सूचना प्रकाशन गरी प्राप्त हुने निवेदनहरुको छानबिन गरी तह वृद्धि हुने देखिएमा ऐनको दफा २७  बमोजिम तह वृद्धि गर्न बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम दरखास्त दिँदा अनुसुची - १ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रकाशित सूचना नगरपालिकाको सूचना पाटीमा प्रकाशन गर्नुका साथै नगरपालिकाको वेवसाइटमा समेत प्रकाशन गरिनेछ ।

**४. निवेदन दिनु पर्नेः**

(१) ऐनको दफा २७ (३) तथा यस कार्यविधिको दफा (३) को उपदफा १ बमोजिमको ३० दिने सूचनाको म्याद भित्र ऐन बमोजिम योग्यता पुगेका उम्मेदवारले नगर कार्यपालिकाको कार्यालयमा तह वृद्धिका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदनका साथ गर्दा देहायका कागजात पेश गर्नु पर्नेछ ।

क. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्यांकन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

ख. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,

ग. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

घ. विभागीय सजाय नपाएको, निलम्वनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस,

ङ. पेशा व्यवसायको परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि ( आवश्यक हुनेको हकमा मात्र)

च. सूचनामा माग भएका अन्य कागजातहरु

**५. सिफारिस समितिः**

(१) यस कार्यविधि बमोजिम तह वृद्धिका लागि ऐनको दफा २७ को उपदफा ४ बमोजिमको देहाय अनुसारको एक तह बृद्धि सिफारिस समिति रहने छ।

देहायः

क. प्रमुख प्रशासकीय अधिकृत- अध्यक्ष

ख. नगरपालिकाका वरिष्ठ कर्मचारी मध्ये एक जना महिला सहित नगर कार्यपालिकाले तोकेको २ जना कर्मचारी- सदस्य

(२) सचिवालयः उपदफा (१) बमोजिम गठित सिफारिस समितिको सचिवालयको काम प्रशासन शाखाले गर्नेछ ।

(३) सिफारिस समितिको बैठकको कार्यविधि आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) यस कार्यविधि अनुरुप तहवृद्धि भएका कर्मचारीलाई अनुसूची २ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिइनेछ।

**६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः-**

यस कार्यविधि बमोजिम तह वृद्धि हुने कर्मचारीको आवश्यक न्यूनतम योग्यता र सेवा अवधि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ऐन, २०८० बमोजिम हुनेछ ।

**७. तह वृद्धि सम्बन्धी विशेष व्यवस्थाः**

(१) कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत दरबन्दी भएका कर्मचारीको तह वृद्धि चैनपुर नगर कार्यपालिकाको कार्यालयमा हुने छ ।

(२) यस कार्यविधिबाट तह वृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद ऐनको दफा २७ को उपदफा ५ बमोजिम साबिककै तहमा कायम हुनेछ ।

**८. जेष्ठता कायमः**

(१) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम हुने छ।

(२) उपदफा १ बमोजिम जेष्ठता कायम गर्न द्विविधा भएमा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० को उपदफा ३ मा रहेको कानूनी प्रावधानलाई मनन गर्दै सबै योग्यता पुरा गरेको मितिबाट जेष्ठता कायम हुने गरी तह वृद्धिको निर्णन गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पनि जेष्ठताको निर्णय गर्दा कुन मितिबाट जेष्ठता कायम गर्ने दुविधा भएका प्रदेश लोकसेवा आयोगले ऐनको जेष्ठता दुविधा निवारण गर्न कुनै समय सो सम्बन्धमा दिएको परामर्शलाई आधार मान्न सकिनेछ।

**९. तह वृद्धि गर्न नहुनेः**

यस कार्यविधि अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ५ को उपदफा (१) बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्न पाइने छैनः-

क. निलम्वन भएकोमा निलम्वन भएको अवधिभर,

ख. तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

ग. तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

घ. ऐनको दफा ४१ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

ङ. असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

च. स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्वन भएको भए त्यस्तो निलम्वनको अवधिभर।

**११. तह वृद्धि गर्नु पर्नेः**

ऐनको दफा २७ (१) बमोजिम तह वृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको तह वृद्धिको लागि ऐनको दफा २७ को उपदफा (४) बमोजिम सिफारिस समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तह वृद्धका लागि सिफारिस गरि सक्नु पर्नेछ र सो सिफारिस प्राप्त भएको ७ दिन भित्र ऐनको दफा २७ को उपदफा (३) वमोजिम कार्यपालिकाको निर्णय गरी नियमानुसार तह वृद्धिको निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन गर्नु पर्ने छ।

**१२. सार्वजनिक गर्नेः**

यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीहरुको विवरण कार्यालयको सूचना पार्टी र वेवसाइटमा अनिवार्य राख्ने व्यवस्था मिलाउनु पर्ने।

**१३. जानकारी दिनु पर्नेः**

यस कार्यविधि बमोजिम कार्यालयले गरेको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा कोशी प्रदेशको मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

**१४. तह मिलान सम्बन्धी व्यवस्थाः**

(१) ऐनको दफा ८ को उपदफा (१७) बमोजिम अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि लोकसेवा आयोग र प्रदेश लोकसेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई एक पटकका लागि सातौं तहमा तह मिलान गरिनेछ।

(२) उपदफा (१) बमोजिम तह मिलान हुने कर्मचारीको जेष्ठता ऐनको दफा २६ को उपदफा ३ बमोजिम नियुक्ति मितिदेखि नै गणना गरिनेछ।

(३) उपदफा १ बमोजिमको तह मिलान गर्दा सिफारिस समितिको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वतः तह मिलान गरिएको पत्र प्रदान गर्न सकिनेछ।

**१५. समायोजन कर्मचारीको तह वृद्धिको सम्बन्धि विशेष व्यवस्थाः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनी ऐनको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय तहको सहायक चौथो, पाँचौ, सातौं र नवौं तहको समान पदमा समायोजन भई सोहि पदमा कार्यरत रहेका हालसम्म तह वृद्ध नभएका कर्मचारीहरु सन्बन्धित पदमा यो ऐन जारी हुँदाका दिन सम्ममा तीन वर्ष सेवा अवधि पूरा भएमा स्वतः एक तह वृद्धि हुनेछ। निजको जुन सुकै व्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो तहको पदमा पदपूर्ती गरिनेछ।

(२) उपदफा (१) बमोजिमको तह वृद्धि गर्दा सिफारिस समितिको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले स्वःतह तह वृद्धि गरिएको पत्र प्रदान गर्न सकिनेछ।

(३) उपदफा १ बमोजिम तह वृद्धि हुने कर्मचारीको जेष्ठता कार्यालयको निर्णय अनुसार हुनेछ।

**१६. उजुरी/गुनासो :**

यस कार्यविधि अनुसार दफा ११ र दफा १६ बमोजिमको तह वृद्धिको निर्णय तथा दफा १५ बमोजिमको तह मिलानको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रदेश लोकसेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

**१७. बढुवाको व्यवस्थाः**

ऐन बमोजिम हुनेछ।

**१८. बाधा अड्काउ फुकाउ :**

यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार ऐनको दफा २७ को उपदफा (४) बमोजिम हुनेछ।

**१९. प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**२०. खारेजी र बचाउः**

"स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" बमोजिम यस नगर कार्यपालिकाबाट स्वीकृत "कर्मचारीहरुको तह वृद्धि बढुवा सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ। उक्त कार्यविधि बमोजिम भएका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

## अनुसूची १: दरखास्त फारामको ढाँचाको नुमना

मितिः........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, चैनपुर, संखुवासभा ।

विषयः तह वृद्धि/तह मिलान गरी पाउँ सम्बन्धमा ।

प्रस्तुत विषयमा चैनपुर नगरपालिकाको **कर्मचारीहरुको तह वृद्धि, बढुवा तथा तह मिलान गर्ने सम्बन्धी कार्यविधि,२०८०** को दफा ३ बमोजिम मिति ........................ गते प्रकाशित सूचनाका आधारमा देहायको कागजातहरु संलग्न राखी तह वृद्धि/तह मिलानका लागि दफा ४ बमोजिमको यो निवेदन पेश गरेको छु ।

निवेदनका साथ पेश गरेका कागजातहरुः (सूचनामा माग भएको आधारमा)

क.

ख.

ग.

घ.

ङ.

| हालको विवरण | तह वृद्धि/ तह मिलान हुने विवरण |
|---|---|
| सेवा | सेवा |
| समूह | समुह |
| पद | पद |
| तह | तह |
| कार्यालय | कार्यालय |

माथि उल्लेख सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदक**

नामः
दस्तखतः
क.सं.नं.
सुरु नियुक्ति मिति वा पछिल्लो स्तर वृद्धि भएको मिति:
समायोजनको मितिः

## अनुसूची २: तह वृद्धि गरिएको पत्रको नमुनाः
## (कार्यालयको लेटर हेड)

**मितिः ..................**

<u>विषयः तह वृद्धि गरिएको सम्बन्धमा।</u>

श्री.....................................
कर्मचारी संकेत नं. ....................
....................................
महाशय,

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा २७ को उपदफा ..,.. र .. अनुसार तपाईलाई चैनपुर नगर कार्यपालिकाको मिति...................को ............औं बैठकको निर्णय बमोजिम यस कार्यालयको मिति........................को निर्णयानुसार मिति............... देखि जेष्ठता कायम हुने गरि स्थानीय सेवामा तपसिल बमोजिम तह वृद्धि गरिएको छ।

तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई छ।

| हालको विवरण | तह वृद्धि भएको विवरण |
|---|---|
| सेवाः | सेवा |
| समुहः | समुह |
| पद | पदः |
| तहः | तहः |
| कार्यालयः | कार्यालयः |

.....................

<u>बोधार्थ</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौ।
श्री लोकसेवा आयोग, केन्द्रिय कार्यालय, अनामनगर काठमाडौ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालत, कोशी प्रदेश विराटनगर मोरङ ।
श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक ललितपुर।
श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ।
श्री प्रदेश किताबखाना, विराटनगर, मोरङ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, संखुवासभा।
श्री कर्मचारी संचयकोष, विराटनगर, मोरङ।
श्री आर्थिक प्रशासन शाखा, चैनपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय।

**अनुसूची ३: तह मिलान गरिएको पत्रको नमुनाः**
**(कार्यालयको लेटर हेड)**

**मितिः ..................**

विषयः तह मिलान गरिएको सम्बन्धमा।

श्री.....................................
कर्मचारी संकेत नं. ....................
....................................
महाशय,

तपाईलाई कोशी प्रदेश, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ) ऐन,२०८० को दफा ८(१७) र दफा २६(३) बमोजिम जेष्ठता कायम हुने गरी यस कार्यालयको मिति ......................गतेको निर्णयानुसार तपसिल वमोजिम तह मिलान गरिएको छ।

तह मिलान हुनु भएकोमा हार्दिक बधाई छ।

तपसिलः

| हाल कार्यरतको विवरण | तह मिलान भएको विवरण |
|---|---|
| सेवाः | सेवाः |
| समूहः | समूहः |
| पदः | पदः |
| तहः | तहः |
| कार्यरत कार्यालयः | कार्यरत कार्यालयः |
| छैटौं तहमा सुरु नियुक्ति मितिः | सातौं तहमा जेष्ठता लागू हुने मितिः |

.....................

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौ।
श्री लोकसेवा आयोग, केन्द्रिय कार्यालय, अनामनगर काठमाडौ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालत, कोशी प्रदेश विराटनगर मोरङ।
श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक ललितपुर।
श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ।
श्री प्रदेश किताबखाना, विराटनगर, मोरङ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरी।
श्री कर्मचारी संचयकोष, विराटनगर, मोरङ।
श्री आर्थिक प्रशासन शाखा, चैनपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय।

आज्ञाले
सन्तोष श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत